## वार्षिक साधारण सभा सम्वन्धी सूचना

दोश्रो पटक प्रकाशित मिती :२०८१।१२।३०

**श्री शेयरधनी महानुभावहरु ।**

मिति २०८१ साल चैत्र महिनाको ५ गते बसेको यस **दरमखोला हाइड्रो इनर्जी लिमिटेड**को सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार यस लिमिटेड कम्पनीको आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को संयुक्त वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णयहरु गर्नको लागि बस्ने भएको हुँदा संस्थापक तथा शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### १.बार्षिक साधारण सभा हुने मिति, समय तथा स्थान :

बार्षिक साधारण सभा हुने मिति : २०८२।०१।३ गते बुधवार

समय : दिउसो १२:३० बजे

स्थान : काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २९, अनामनगर, किम्ची रेष्टुरेष्ट एण्ड बैक्यूट ।

## २. छलफलका विषय

### (क) साधारण प्रस्तावहरु

(१) आर्थिक वर्ष आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

(२) लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण छलफल गरि पारित गर्ने ।

(३) कम्पनी आर्थिक वर्ष २०८०/०८१ को लागि कम्पनी ऐन, २०६३ को दफा ११३ अनुसार कम्पनी रजिष्ट्रार कार्यालयबाट नियुक्त लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिकलाई अनुमोदन गर्ने सम्वन्धमा ।

(४) आर्थिक वर्ष २०८१/०८२ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(५) सञ्चालक समितिको पदपुर्ती र स्वतन्त्र संचालकको नियुक्ती तथा अनुमोदन सम्बन्धमा ।

(६) विविध ।

**(ख) विशेष प्रस्तावहरु**

(१) कम्पनीको संचालक समितीमा नियम २७ बमोजिम संस्थापक समुहको संचालक पदको निर्वाचन गर्ने सम्वन्धमा ।

(२) कम्पनीको रजिष्ट्रर्ड कार्यालय परिवर्तन गर्न प्रवन्धपत्रको दफा तथा र नियमावलीको नियम २ र नियम २७ मा संशोधन गर्ने सम्वन्धमा ।

(३) IPO संग सम्बन्धीत कम्पनीको प्रवन्धपत्र र नियमावली तथा अन्य कानुनी संशोधन सम्वन्धित निकायहरुबाट कुनै संशोधन, फेरवदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न संचालक समितीलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**(ग) विविध**

**पुनश्च :** कम्पनीको विशेष प्रस्तावको प्रस्ताव नं. १ का सम्वन्धमा संचालक निर्वाचन सम्वन्धी कार्यक्रमको सूचना कम्पनीको कर्पोरेट कार्यालय थापाथली, काठमाण्डौंमा वार्षिक साधारण सभा हुनु भन्दा कम्तीमा ३ (तिन) दिन अगाडी प्रकाशन गरिनेछ ।

**संचालक समितिको आज्ञाले**

**कम्पनी सचिव**